नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ

पत्र संख्या: ०८०/०८१
चलानी नः

बागमती प्रदेश, नेपाल

## प्रस्ताव पेश गर्ने सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/१/२३

प्रस्तुत विषयमा नीलकण्ठ नगरकार्यपालिकाको कार्यालयको आ.व २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रममा रहेको वडा स्तरीय कृषि प्रवर्द्धन कार्यक्रममा समावेश हुन इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको ७ औं दिन सम्ममा सम्वन्धित वडा कार्यालयमा कार्यालय समय भित्र आईपुग्ने गरी निवेदन साथ तपसिल बमोजिमका कागजात संलग्न गरी प्रस्ताव दर्ता गर्नुहुन आव्हन गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

संलग्न गर्नुपर्ने कागजातहरु:

१. सम्बन्धित निकायमा कृषि सहकारी/कृषक समुह/कृषि फर्म/समिति दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

२. दर्ता नभएको कृषकको हकमा परिचय खुल्ने प्रमाण-पत्रको प्रतिलिपि

३. स्थायी लेखा दर्ता प्रमाण-पत्र प्रतिलिपि, कर चुक्ता, लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि,

४. कार्यक्रम सञ्चालन हुने स्थान ( जग्गा/जमिन ) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भए कम्तीमा ५ वर्षको सम्झौतानामा,

५. कार्य समितिको निर्णयको प्रतिलिपि,

६. अन्य कुनै निकायमा सोही प्रकारका कार्यक्रममा सहभगिता नभएको स्वःघोषणा पत्र,

प्रमुख प्रशासकीय अधिकृत